नरहा गाउँपालिका
Naraha Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
नरहा, सिरहा (Naraha,Siraha)
मधेश प्रदेश,नेपाल (Madhesh Province,Nepal)
( रोजगार सेवा केन्द्र )
ito.narahamun@gmail.com
www.narahamun.gov.np

प.स (Letter No.) :२०७९/०८०
च.न (Ref.No.) : pmEP/२२
मिति(Date) : २०८०।०१।०४ गते

श्री सम्बन्धित सबै,

**बिषयः- व्यक्तिगत श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति सम्बन्धमा ।**

प्रस्तुत विषयमा वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार वैदेशिक रोजगारीमा जाने हरेक नेपाली नागरिकले अनिवार्य श्रम स्वीकृति लिनु पर्ने व्यवस्था रहेको छ । वैदेशिक रोजगारीलाई थप व्यवस्थित, सुरक्षित, मर्यादित, र भरपर्दो तथा सहज बनाउन मिति २०८० वैशाख १ गते देखि वैदेशिक रोजगारीमा जानेहरुको लागि व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिका लागि आवेदन गर्ने कार्य स्थानीय तहको रोजगार सेवा केन्द्रबाट हुने भनी मिति २०७९।१२।१६ गतेको नेपाल सरकार (सम्माननीय प्रधानमन्त्री तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री) स्तरीय निर्णय अनुसार यस गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्र मार्फत श्रम स्वीकृतिको लागि आवेदन गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

**फारम भर्दा आवश्यक पर्ने विवरण र कागजातहरुः**

<table>
<tr><th>कम्पनीको विवरण</th><th>सुविधाको विवरण</th><th>भिसाको विवरण</th><th>पेश गर्नुपर्ने कागजातहरु</th></tr>
<tr><td>❖ कम्पनी रहेको देश<br>❖ कम्पनीको नाम<br>❖ देशमा चल्ने मुद्रा</td><td>❖ दक्षता (Skill)<br>❖ तलब रकम<br>❖ दैनिक काम गर्ने घण्टा<br>❖ साप्ताहिक काम गर्ने घण्टा<br>❖ अन्य विवरणहरु</td><td>❖ भिसा नम्बर<br>❖ भिसा जारी मिति<br>❖ सम्झौता अवधि</td><td rowspan="3">❖ पुरानो श्रम स्वीकृति<br>❖ दक्षताको प्रमाण<br>❖ सम्झौता पत्र<br>❖ अध्यागमनको छाप<br>❖ पासपोर्ट<br>❖ भिसा<br>❖ दुतावासको पत्र(आवश्यक परेमा मात्र)</td></tr>
<tr><th colspan="3">पेश गर्नुपर्ने कागजातहरु</th></tr>
<tr><td colspan="3">❖ आवेदक वा निजको परिवारको सदस्यको बैंक खाता नम्बर र चेकको फोटो (अनिवार्य चाहिने), मोबाइल नं. नेपाल र बिदेश दुबैको, आवेदकको Email Id<br>❖ ARRIVAL STAMP, EMERGENCY फोन नं. (नेपालको)</td></tr>
</table>

शाखा प्रमुख

प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत
नरहा गाउँपालिका सिरहा

<u>बोधार्थः</u>

श्री वडा कार्यालय सवैः- आवश्यक जानकारीका लागि वडा स्तरमा सूचना प्रकाशन गरि दिनु हुन ।

श्री सूचना प्रविधि अधिकृतः [illegible]